small arms survey

संख्या २९ • वैशाख २०७०

अनुसन्धान टिपोट

सशस्त्र हिंसा


# युद्ध समाप्तिपछि नेपालमा देखिएको सशस्त्र हिंसा

१३ हजारभन्दा बढी[1] व्यक्तिको ज्यान गएको र ५२ हजारभन्दा बढी विस्थापित भएको (युएनसिटिएन, २०६८, पृष्ठ ८४) गृहयुद्ध अन्त्य भएको ६ बर्षभन्दा बढी समय वितिसक्दा पनि अस्थिर राजनीतिक अवस्था कायम हुनु, संविधानको मस्यौदा कोर्न सहमति नजुट्नु, आर्थिक अवस्था कमजोर हुनु र समय-समयमा हुने आपराधिक तथा सशस्त्र समूहको गतिविधिका कारण नेपालमा स्थायी शान्ति प्राप्त हुनसकेको छैन। यसै अविधिमा हिंसाको स्वरुपमा परिवर्तन भएतापनि राष्ट्रको सुरक्षा स्थितिमा ठोस सुधार आएको देखिएको छ जसका कारण जनताले तुलनात्मक रुपमा सुरक्षित महसुस गरेका छन्। यस *अनुसन्धान टिपोट*ले नेपालमा असुरक्षाका भिन्न चुनौती र परिमाणका साथै भौगोलिक वितरण र सुरक्षा सम्बोधनको सिंहावलोकन गर्दछ। यसले देशव्यापी घरधुरी सर्वेक्षण परिणाम, समुदायका सदस्यहरू र सुरक्षा अधिकारीहरूसँगको अन्तर्वार्ता, २०६८ को उत्तरार्ध र २०६९ बीच संकलित विस्तारित प्राथमिक तथ्यांक[2], मिडिया अनुगमन[3], १ सय ६० नेपाली व्यापारिक संस्थाको सर्वेक्षण[4] सहितको हिंसा स्थितिको विस्तृत् समीक्षा समावेश गरेको छ। सशस्त्र समूहहरू (बोगटी, कारापिक र मुगाह, २०७०) र नेपालमा हातहतियारको स्वामित्व (कार्प, २०७०) का बारेमा गरिएका दुई गहन अध्ययनले यस प्रतिवेदनलाई पूर्णता दिएको छ।

## सशस्त्र हिंसाको जटिलता, मापन र पहिचान

सशस्त्र द्वन्द्वपछिको अवस्थामा जे-जस्ता चरित्र देखिन्छन् तीमध्ये थुप्रै चरित्र नेपालको सशस्त्र हिंसामा पनि देखिएका छन् (चित्र १ हेर्नुहोस्)। यस अवस्थाका पात्रहरू (उदाहरणका लागि सशस्त्र समूह, राजनीतिक पार्टीका युवा भ्रातृ समूह, आपराधिक समूह र सुरक्षा प्रदायक) पीडित वर्ग (उदाहरणका लागि व्यक्ति विषेश, व्यापार-व्यवसाय, सञ्चार माध्यम, राज्य तथा समुदायका अधिकारी), उपकरण (धारिला र परम्परागत हातहतियार, बन्दुक र घरमै बनाइएका काम चलाउ विष्फोटक) पर्दछन्। विभिन्न प्रकारका हिंसाका सीमाहरू अस्पष्ट बनेका छन् भने यसका

चित्र १ **नेपालमा सशस्त्र हिंसाको सिंहावलोकन**




* गाउँ विकास समिति
** बन्द भएका दिनहरु टिपोट ७ मा हेर्नुहोस्।
*** खुकुरी परम्परागत वक्राकार धारिलो हतियार हो, कटुवा घरमै बनाइने बन्दुक हो, सुतली बम धागो र कपडाबाट बनाइएको बम हो।

**स्रोत:** ओइसिडि (२०६६, पृष्ठ ५०), राकोभिटा, मुर्रे र शर्मा (२०७०, पृष्ठ २८-२९ , ५४, ५६) बोगटी, कारापिक र मुगाह (२०७०), तथ्यांक विभाग (२०६८क, पृष्ठ १८, २०६८ख, श्रृंखला २, पृष्ठ ५५), आरसिएचसिओ (२०६९)।

आयामहरू बिस्तारै स्थानीय, जिल्ला र राष्ट्रिय स्तरमा देखापरिरहेका छन् ।

गरिबीको निरन्तरता, आर्थिक असमानता र राजनीतिक अस्थिरताले अपराध र हिंसालाई उकास्ने गरेका छन् । नेपाल संयुक्त राष्ट्रसंघको सूचीमा अत्यन्तै कम विकसित राष्ट्रहरूमा पर्दछ । झण्डै चारमध्ये १ नेपाली निरपेक्ष गरिबीको रेखामुनि[५] रहेका छन् । सम्पूर्ण आयको अझै ४० प्रतिशतभन्दा बढी स्रोत कुल जनसंख्याको २० प्रतिशत धनी वर्गमा पुग्छ ।[६] राजनीतिक अस्थिरताको सम्बन्ध नयाँ संविधान निर्माणको अभिभारा बोकेको संविधानसभा असफलताको बाटो अँगाल्दै अन्ततः विघटन हुनपुग्नु र बारम्बार बन्द हुनुसँग रहेको छ ।[७]

विगत ६ बर्षमा सशस्त्र हिंसाका घटनाहरू पत्रपत्रिकाका मूल समाचार बने (राकोभिटा र काफ्ले, प्रकाशोन्मुख) । यद्यपि अध्ययनले भने सर्वेक्षणमा सम्मिलित थोरै व्यक्तिहरूले मात्र २०६४ देखि २०६८ सम्ममा आफूहरूमाथि शारीरिक आक्रमण भएको वा डर-धम्की दिइएको स्वीकारेको देखाएको छ । घरधुरी अन्तर्वार्ता गरिएको नमुना सर्वेक्षणमा केवल चार प्रतिशतले मात्र डर-धम्की, हस्तक्षेप, चोरी र डकैतीको अनुभव गरेको बताए (राकोभिटा, मुर्रे र शर्मा, २०७०, पृष्ठ ३५) । यद्यपि यी तथ्य समूह वा सामाजिक क्षेत्रहरूपिच्छे फरक छन्, उदाहरणका लागि २०६९ मा सर्वेक्षणमा परेका व्यापारीमध्ये ५० प्रतिशतभन्दा बढीले २०६६ देखि २०६९ को अवधिमा कम्तिमा एउटा अपराध वा हिंसात्मक घटनाबाट आफूहरू प्रभावित भएको बताए (राकोभिटा, प्रकाशोन्मुख) । प्रहरी र सञ्चार माध्यमले पनि बारम्वार सम्पत्तिसम्बन्धी अपराध (चौपाया, पैसा वा मूल्यवान वस्तु र सवारी साधन प्रायः साइकल र मोटरसाइकल) र विभिन्न प्रकारका डर-धम्कीका घटनाका बारेमा उल्लेख गरेका छन् (राकोभिटा, मुर्रे र शर्मा, २०७०, पृष्ठ ४०-४१, राकोभिटा र काफ्ले, प्रकाशोन्मुख) ।

घरधुरी सर्वेक्षणका क्रममा अधिकांश व्यक्तिले बजार जाँदा वा घरवरपर काम गर्दा वा दैनिक क्रियाकलापमा लाग्दा आफूहरूले सुरक्षित महसुस गरेको र २०६७-२०६८ मा सुरक्षा अवस्थामा सुधार आएको बताए । खासगरी राजनीतिक अभियान र बन्दको बेला राजनीतिक कार्यकर्ता र बटुवाहरूको भिड जम्मा हुन्छ जो झै-झगडा वा विवादको कारण बन्न सक्दछ (तालिका १ हेर्नुहोस्) ।

धनुषा, धनकुटा र बाँकेमा लक्षित समूहका सहभागीहरूले बढ्दो प्रहरी गस्ती र सामाजिक एकताको कारण सुरक्षा अनुभूति बढेको बताए (राकोभिटा, मुर्रे र शर्मा, २०७०, पृष्ठ २६) । यसविपरीत, २५ प्रतिशतभन्दा बढी व्यापारिले २०६८-२०६९ मा अपराधको अनुभूति बढेको दावी गरे (राकोभिटा, प्रकाशोन्मुख) ।

तालिका १ **२०६८ मा महसुस गरिएको सुरक्षास्तर**

| सन्दर्भ/दिन वा रात | प्रतिक्रिया व्यक्त गर्नेहरुको अनुपात | |
|---|---|---|
| | असुरक्षित | सुरक्षित |
| दिनमा घरबाहिर हिंडडुल गर्दा | १६% | ८४% |
| राति घरबाहिर हिंडडुल गर्दा | ३६% | ६४% |
| दिउँसो घरभित्र बस्दा | ९% | ९१% |
| राति घरभित्र बस्दा | १३% | ८७% |
| दिनमा एक्लै घरबाट बजार जाँदा | १७% | ८३% |
| दिनमा बजार हिंडडुल गर्दा | १३% | ८७% |
| दिनमा चौपायाका लागि खेतबारी/जंगलमा घाँसपात संकलन गर्दा | २४% | २८%* |
| बालबालिकालाई विद्यालय आवत-जावत गराउँदा** | २५% | ६९% |
| धार्मिक चाडपर्वको बेला घरबाहिर हिंडडुल गर्दा | २४% | ७५% |
| राष्ट्रिय बिदाको बेला घरवाहिर हिंडडुल गर्दा | १0% | ७८% |
| राजनीतिक अभियानको बेला घरबाहिर हिंडडुल गर्दा | ५५% | ३८% |
| बन्दका बेला घरबाहिर हिंडडुल गर्दा | ५६% | ३७% |

**टिपोटः**
संख्या ३,०४८ । सर्वेक्षणमा सहभागीहरुलाई ‘यी परिस्थितिहरुमा कत्तिको सुरक्षित महसुस गर्नुहुन्छ ?’ भन्ने प्रश्न गरिएको थियो ।
यस तालिकामा ‘थाहा छैन’ भन्ने प्रतिक्रिया समावेश गरिको छैन ।
*यस प्रश्नको प्रतिक्रियामा ४४ प्रतिशतले ‘सरोकार नरहेको’ बताए ।
**यस प्रश्नले आफ्ना छोराछोरी विद्यालय आवत-जावत गर्दा तिनका अभिभावकले कति सुरक्षित महसुस गरे भन्ने जनाउँछ ।
**स्रोतः** राकोभिटा, मुर्रे र शर्मा (२०७०, पृष्ठ ३२)

## हिंसा र असुरक्षाको भौगोलिक विवरण


विभिन्न आपराधिक गतिविधिमा आवद्ध रहिसकेका समूहको बासस्थान भनेर बद्नाम भएको तराईलाई अपराध र सशस्त्र हिंसाको लागि उर्वर भूमि मानिदै आएको छ (संयुक्त राष्ट्र संघ नेपाल सूचना मञ्च, २०६९, आइडिए, २०६८, आइडिए र सेफरवर्ल्ड २०६६) ।

वास्तवमा पहाडी जिल्लाहरूको तुलनामा तराईका केही जिल्लाहरू जस्तै बाँके, कैलाली, धनुषा, सुनसरी र मोरङमा हिंसाको मात्रा उच्च रहेको देखिएको छ । यी जिल्लाका ७ देखि १६ प्रतिशत जनसंख्या हिंसा वा अपराधबाट ग्रसित देखिन्छ (नक्सा १ हेर्नुहोस्) ।

तराईको सुरक्षा स्थितिमा हालसालै सुधार आएको छ । दाङ र पर्सा जिल्लाका सर्वेक्षणमा सरिक अधिकांश व्यक्तिले २०६७ यता सुरक्षामा सुधार आएको दावी गरे (राकोभिटा, मुर्रे र शर्मा २०७०, पृष्ठ ३६) । सशस्त्र समूहहरूको समष्टिगत संख्या घट्नुमा बढ्दो प्रहरी गतिविधि र सरकारसँगको शान्तिवार्ताको पनि हात रहेको छ (बोगटी, कारापिक र मुगाह, २०७०) ।

जेहोस्, २०६८ मा शहरी क्षेत्रहरूमा सुरक्षा अवस्था अस्थिर देखियो । राष्ट्रको सबैभन्दा ठूलो शहरीक्षेत्र काठमाडौं उपत्यका (काठमाडौं, ललितपुर र भक्तपुर) सर्वाधिक अस्थिर क्षेत्रको रुपमा रह्यो । सर्वेक्षणमा सहभागी यहाँका ५९ प्रतिशतले २०६७-२०६८ मा सुरक्षा स्थिति यथावत रहेको वा झन खराव भएको बताए । यस्तो प्रतिक्रिया दिने अन्य शहरी र ग्रामीण क्षेत्रका व्यक्तिहरूको प्रतिशत भने ३० भन्दा कमै रह्यो (राकोभिटा, मुर्रे र शर्मा, २०७० पृष्ठ ४७, ४९) । यसको कारण मानव तथा रक्तचन्दन ओसार-प्रसार (सेफरवर्ल्ड, २०६८) र काठमाडौंभित्र गरिने साना हातहतियारको तस्करी (राकोभिटा, मुर्रे र शर्मा, २०७०) जस्ता संगठित आपराधिक गतिविधि बढ्नु हो । डर-धम्की देखाई पैसा असुल्ने र मानव लगायत अवैध वस्तुहरूको ओसार-प्रसार वा पैसा दिएर हत्या गराइने गतिविधिमा संलग्न स्थानीय गुण्डाहरूका कारण काठमाडौं उपत्यकालगायत अन्य शहरी क्षेत्रमा असुरक्षा बढाएको छ (बोगटी, कारापिक र मुगाह, २०७०) । सर्वेक्षणमा सरिक उपत्यकाका झण्डै ५० प्रतिशत व्यक्तिले असुरक्षाकै कारण ‘केही थोरै’ वा ‘धेरै’ घरधनीसँग बन्दुक रहेको बताए जुन अन्य जिल्लाको तुलनामा अधिक हो (राकोभिटा, मुर्रे र शर्मा, २०७०, पृष्ठ ६४) । व्यक्तिसँग बन्दुक हुनु नेपालमा असामान्य होइन । करिब ४ लाख ४० हजार

नक्सा १  सर्वेक्षणमा सहभागी व्यक्तिहरु जसले २०६४ देखि २०६८ सम्मको अवधिमा पीडित भएको बताए, जिल्लाको आधारमा प्रतिशत विवरणतख




स्रोतः राकोभिटा, मुर्रे र शर्मा (२०७०, पृष्ठ ३६)

सर्वसाधारणको स्वामित्वमा हातहतियार रहेको र तीमध्ये अधिकांश दर्ता नगरिएका घरेलु हतियार भएको अनुमान गरिएको छ (कार्प, २०७०, पृष्ठ २)।

## असुरक्षा प्रतिको प्रतिक्रिया : आपूर्ति तथा असर

स्थानीय सुरक्षा विषयलाई लिएर नेपाल सरकारले ६० हजारभन्दा बढी प्रहरी अधिकारी (नेपाल प्रहरी, २०६८) र सशस्त्र प्रहरी बलका करिब ४० हजार अर्धसैनिक (श्रेष्ठ, २०६८) परिचालन गरेको छ। यसको साथै निजी क्षेत्र निजी सुरक्षा गार्डमाथि निर्भर रहेको छ। सर्वेक्षणअनुसार २५ प्रतिशत व्यापारिक संस्थाले निजी सुरक्षा गार्ड राख्ने गरेका छन् (राकोभिटा, प्रकाशोन्मुख)।

सामुदायिक अगुवा र प्रहरी सबैभन्दा बढी पहुँच भएको विश्वासिलो र सक्रिय संस्थाको दर्जामा परे, जबकि राजनीतिक नेताहरूले 'नराम्रो' र 'पूरै नराम्रो' बीचको स्थान पाए। निरन्तर जारी रहेको राजनीतिक अस्थिरताले यस नकारात्मक परिस्थितिमा आगोमा घ्यु थप्ने काम गरेको छ। साथै सर्वेक्षणमा सरिक अधिकांश व्यक्तिले राजनीतिज्ञहरूले प्रहरीको कार्य र न्यायिक प्रक्रियामा व्यापक हस्तक्षेप गर्ने गरेको (उदाहरणका लागि हिरासतमा रहेका आफ्ना कार्यकर्ताहरूलाई छोड्न दवाव दिने) बताएका छन्। प्रहरीको कार्यसम्पादनप्रतिको दृष्टिकोण सामान्यतया सकारात्मक देखियो, झण्डै ५० प्रतिशत सहभागीले २०६७ देखि २०६८ सम्म प्रहरीको कार्यमा सुधार आएको बताए। केहिले यस सम्बन्धमा अझै धेरै गर्न बाँकी रहेको बताउँदै प्रहरीको गुणस्तर व्यक्ति विशेष अर्थात् कुनै प्रहरी प्रमुखहरूसँग मात्र दाँजेर हेर्ने प्रवृत्तिको अन्त्यका लागि प्रहरीको संख्या बढाउनुभन्दा प्रहरीलाई तालिम बढाउन सल्लाह दिए।[८]

## निष्कर्ष

राजनीतिक अस्थिरता र आर्थिक कमजोरीका कारण पनि नेपालमा हिंसाको मूल्यांकन गर्दा फेला परेका तथ्यहरूले सुरक्षा अवस्थाप्रति आशावादी बनाउँछ तर ढुक्क हुन दिँदैन। सम्भवतः बढ्दो प्रहरी सक्रियता एवं सशस्त्र सुमूहहरूको संख्यामा कमी आएका कारण तुलनात्मक रुपमा कम परिमाणमा हिंसाको अनुभव गरिएको र दैनिक व्यवहारमा व्यक्तिगत सुरक्षामा विश्वासको स्तर उच्च रहेको तथ्यांकले देखाउँछ। यसैगरी आपराधिक गतिविधिका लागि उर्वर भूमिको रुपमा देखिएका शहरी क्षेत्रहरूमा थप सुरक्षा प्रयास हुनु आवश्यक देखिन्छ। सर्वेक्षणबाट पत्ता लगाइएका तथ्यहरूले के सल्लाह दिन्छ भने प्रहरीको कार्य र न्यायिक प्रक्रियामा राजनीतिक हस्तक्षेप रोक्न, प्रहरी अधिकारीहरूलाई थप तालिम उपलब्ध गराउन र यस्तै अन्य क्षेत्रमा सुधारका लागि पहल गर्नुपर्छ। ■

## टिपोट

१. द्वन्द्वको शिकार हुने नेपालीको वास्तविक संख्या अझै विवादास्पद छ। मृत्यु हुनेको संख्या १३,२३६ (ओएचसिएचआर, २०६९, पृष्ठ १४) देखि १६,००९ (युएन सिटिएन, २०६८, पृष्ठ ८४) देखाइएको छ।

२. २०६९ को भदौमा पहाड र तराईका ३० जिल्लामा भएको राष्ट्रव्यापी घरधुरी सर्वेक्षणमा १५ वर्ष माथिका ३ हजार ४८ व्यक्ति सरिक थिए। यस सूचना संकलनलाई पूर्णता दिन प्रहरी, राजनीतिक पार्टी प्रतिनिधिहरू र स्थानीय अनुसन्धानकर्ताहरूसँग प्रमुख सूचना प्रदायकका रुपमा आठ व्यक्तिसँग अन्तर्वार्ता लिइयो। बाँके, धनकुटा र धनुषामा समुदाय सदस्य र नागरिक सामाजबीच ६ वटा लक्षित समूह छलफल गरियो (थप जानकारीका लागि हेर्नुहोस्- राकोभिटा, मुर्रे र शर्मा, २०७०, पृष्ठ १३)।

३. चारवटा नेपाली दैनिक अखवारले २०६२ देखि २०६९ सम्म प्रकाशित गरेका सशस्त्र हिंसासम्वन्धी समाचारका आधारमा गरिएको मिडिया अनुगमनमा उल्लेख छ (राकोभिटा र काफ्ले, प्रकाशोन्मुख)।

४. प्रत्येक तथ्यांकको विस्तृत् विश्लेषण राकोभिटा, मुर्रे र शर्मा, (२०७०), राकोभिटा र काफ्ले (प्रकाशोन्मुख) मा पाउन सकिन्छ ।

५. विगत दश वर्षदेखि गरिबीको दर निरन्तर घट्दै गएको छ, यद्यपि अवस्था अझै समस्याग्रस्त नै छ । २०५२-५३ मा ४० प्रतिशतभन्दा बढी नेपाली गरिबीको अवस्थामा रहेको अनुमान गरिएको थियो । सो संख्या घटेर २०६०-६१ मा २५ प्रतिशत पुग्यो (तथ्यांक विभाग, २०६८, पृष्ठ २३) ।

६. विश्व बैंकको तथ्यांकअनुसार २०६७ मा गिनी सूची ३२.८ थियो जबकि २०६७ मा जनसंख्याको २० प्रतिशत समुदायले राष्ट्रिय आयको ४१.५ प्रतिशत आय आर्जन गरेका थिए (विश्व बैंक, २०६९) ।

७. बन्द एक प्रकारको राजनीतिक वा सामाजिक विरोध (हडताल जस्तै) हो । यसले सार्वजनिक स्थल र सडकमा हुने सम्पूर्ण गतिविधिमाथि रोक लगाउँछ । २०६९ मा मात्र नेपालले १ सय २५ दिन बन्दको असहज स्थिति भोग्नुपर्‍यो । २०६८ मा ८८ दिन बन्द घोषित गरिएको थियो (आरसिएचसिओ, २०६८, २०६९) ।

८. यो खण्ड राकोभिटा मुर्रे र शर्मा (२०७०, पृष्ठ ७५-७७) मा पाउन सकिन्छ ।

## ग्रन्थ-सूची


बोगटी, सुविन्द्र, जोभाना कारापिक र रोबर्ट मुगाह । २०७० । *मध्यवर्ती समूह: नेपालमा सशस्त्र समूहको परिदृश्य ।* नेपाल सशस्त्र हिंसा अनुगमन विषय प्रस्तुति नं. १ । जेनेभा: स्मल आर्मस सर्वे ।

केन्द्रीय तथ्यांक विभाग, २०६८क । नेपालमा गरिबी २०६७ ख । काठमाण्डौं: तथ्यांक विभाग । <http://www.cbs.gov.np/nada/index.php/ddibrowser/37/download/219>

–। २०६८ख । नेपाल जीवन मापक सर्वे, २०६७/६८ । काठमाडौं: तथ्यांक विभाग । वेब संस्करण <http://www.cbs.gov.np/nada/index.php/catalog/37>

आइडिए । २०६८ । तराईमा सशस्त्र हिंसा । काठमाडौं: आइडिए । <http://www.smallarmssurvey.org/fileadmin/docs/E-Co-Publications/SAS-Saferworld-2011-armed-violence-in-the-Terai.pdf>

आइडिए तथा सेफरवर्ल्ड । २०६६ । *सुधारिएको सुरक्षाको बाटो ? नेपालमा व्यक्तिगत सुरक्षा र न्यायप्रतिको सोचमा परिवर्तनबारे सर्वेक्षण* । काठमाडौं र लण्डन: आइडिए र सेफरवर्ल्ड ।

कार्प, एरोन । २०७० । शान्तिको अभ्यासमा गृहयुद्धको असर । नेपालमा सशस्त्र हिंसाबारे विषय विस्तुति नं. २ । जेनेभा: स्मल आर्मस सर्वे ।

नेपाल प्रहरी । २०६८ । वेब संस्करण संस्थागत संरचना । <http://nepalpolice.gov.np/organization-structure.html>

ओइसिडि (आर्थिक सहकार्य तथा विकास संगठन) । २०६६ । *सशस्त्र द्वन्द्वमा ह्रास : समुन्नत विकास* । द्वन्द्व तथा नाजुक स्थिति श्रृंखला । पेरिस: ओइसिडी प्रकाशन । <http://www.genevadeclaration.org/fileadmin/docs/OECD_Guidelines.pdf>

ओएचसिएचआर (मानवअधिकारका लागि राष्ट्रसंघीय उच्चायुक्तको कार्यालय) । २०६९ । नेपालको द्वन्द्व प्रतिवेदन । जेनेभा: ओएचसिएचआर । <http://www.ohchr.org/Documents/Countries/NP/OHCHR_Nepal_Conflict_Report2012.pdf>

राकोभिटा, मिहेला र कपिल काफ्ले । प्रकाशोन्मुख । *समाचारमा नेपाल: सञ्चार माध्यमद्वारा सशस्त्र हिंसाको रेखांकन* । नेपाल सशस्त्र हिंसा अनुगमन विषय प्रस्तुति ३ । जेनेभा: साना हतियार सर्वेक्षण ।

राकोभिटा, मिहेला, रायन मुर्रे र सुधिन्द्र शर्मा । २०७० । *दिगो सुरक्षाको खोज: नेपालमा सशस्त्र हिंसाको अध्ययन* । जेनेभा: स्मल आर्मस् सर्वे ।

राकोभिटा, मिहेला । प्रकाशोन्मुख । *जोखिमको काम: नेपालमा निजी क्षेत्रको सुरक्षा, अपराध र अवधारणा* । नेपाल सशस्त्र हिंसा अध्ययन विषय प्रस्तुति नं. ४ । जेनेभा: स्मल आर्मस् सर्वे ।

आरसिएचसिओ (आवासीय तथा मानवीय संयोजकको कार्यालय) । २०६८ । *नेपाल: बन्द-हड्तालबारे प्रतिवेदन, पुस २०६८* । <http://un.org.np/maps/nepal-reports-bandhs-strike-1-31-december-2011>

–। २०६८ । नेपाल: बन्द-हड्तालको प्रतिवेदन, पुस २०६८ । <http://un.org.np/maps/nepal-reports-bandhs-strike-1-31-december-2012>

सेफरवर्ल्ड । २०६८ । *काठमाडौं उपत्यकामा सार्वजनिक सुरक्षा र अपराधप्रतिको दृष्टिकोण* । सेफरवर्ल्ड विषय प्रस्तुति । लण्डन: सेफरवर्ल्ड, माघ ।

श्रेष्ठ, मन्जिल । २०६८ । *नेपाल: सरकारी नीतिप्रति आर्थिक विश्लेषण, लगानीको वातावरण तथा राजनीतिक जोखिम* । आर्थिक नीति विश्लेषणका लागि म्याकिभर प्रतिष्ठान । <http://www.mkeever.com/nepal.html>

युएनसिटिएन (युनाइटेड नेसन्स कन्ट्री टिम इन नेपाल) । २०६८ । *मानवीय पक्ष उजागर गर्दै तयार पारिएको मुलुकको विश्लेषण* । काठमाडौं : युएनसिटिएन । <http://un.org.np/sites/default/files/Nepal_CountryAanalysis_2011_Feb2013.pdf>

संयुक्त राष्ट्रसंघ नेपाल सूचना केन्द्र । २०६९ । *नक्सा केन्द्र* । <http://un.org.np/resources/maps>

विश्व बैंक ।२०६९ । *गरिबी तथा असमानताको तथ्यांक* । मंसिर २०६९ । <http://databank.worldbank.org/ data/views/variableselection/selectvariables.aspx¿source=poverty-and-inequality-database>


थप जानकारीका निम्ति नेपाल सशस्त्र हिंसा अनुगमन परियोजनाको वेब संस्करण http://www.nepal-ava.org/ हेर्नुहोस् ।

## स्मल आर्मस सर्वेका सम्बन्धमा

स्मल आर्मस सर्वे, सशस्त्र हिंसा र साना हतियारका सबै आयामका बारेमा सूचना सार्वजनिक गर्ने एक प्रमुख अन्तर्राष्ट्रिय स्रोत हो । यसका साथै यसले सरकार, नीति निर्माता, खोजकर्ता तथा अभियन्ताहरुका निम्ति स्रोत केन्द्रको भूमिका निर्वाह गर्दै आएको छ ।

स्मल आर्मस सर्वे अन्तर्राष्ट्रिय र विकास अध्ययन संस्थाको एक परियोजना हो जसले जेनेभा घोषणा सचिवालयलाई आवास प्रदान गर्दछ ।

थप जानकारीका लागि, कृपया हेर्नुहोस् www.smallarmssurvey.org.

### सम्पर्क ठेगाना


स्मल आर्मस सर्वे, ४७ एभिन्यू ब्ल्याङ्क
१२०२ जेनेभा, स्वीट्जरल्यान्ड
टेलिफोन: ४१ २२ ९०८ ५७७७
फ्याक्स: ४१ २२ ९०८ २७३८
info@smallarmssurvey.org


## सशस्त्र हिंसा र विकासका लागि जेनेभा घोषणाबारे

यस अध्ययन टिपोटको प्रकाशन एक उच्च तहको कूटनीतिक पहलका रुपमा सशस्त्र हिंसा र विकासका लागि जेनेभा घोषणाको सहयोगमा गरिएको हो जसमा १०० भन्दा बढी मुलुकले हस्ताक्षर गरेका छन् । यसले नागरिक समाज र मुलुकलाई सशस्त्र हिंसाको असर न्यूनीकरण गरी सघाउन २०७२ साल र त्यसभन्दा पछि पनि योगदान दिनेछ ।

अन्य जानकारीका निम्ति जेनेभा घोषणापत्रको वेब संस्करण हेर्नुहोस्: www.genevadeclaration.org.


प्रकाशन मिति: वैशाख २०७०

## श्रेय

लेखक: मिहेला राकोभिटा
नेपाली अनुवाद: कपिल काफ्ले
साज सज्जा: विनोद श्रेष्ठ
(vgraphics@outlook.com)


small arms survey

NEPAL ARMED VIOLENCE ASSESSMENT

Australian AID
Supported by Australian Aid, AusAID

GENEVA DECLARATION